प्रदेश सरकार
बागमती प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
फोन नं.: ०११-४१५१४२
फ्याक्सः ०११-४१५०९१

# शहरी विकास तथा भवन कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक
(कार्यक्षेत्रः काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र दोलखा)

पत्र संख्याः- ०८०/०८१
चलानी नं.:- ४

मितिः २०८०/५/५

श्री चौतारा न.पा.
श्री बाह्रविसे न.पा.
श्री मेलम्ची न.पा.
श्री इन्द्रवती गा.पा.
श्री जुगल गा.पा.
श्री पाँचपोखरी थाङपाल गा.पा.
श्री बलेफि गा.पा.
श्री भोटेकोशी गा.पा.
श्री लिसंखु गा.पा.
श्री सुनकोशि गा.पा.
श्री हेलम्बु गा.पा.
श्री त्रिपुरा सुन्दरी गा.पा.
सिन्धुपाल्चोक जिल्ला(बोधार्थः-सबै गा.पा. र न.पा.का वडाहरु)

**विषयः जनता आवास कार्यक्रम सम्बन्धमा ।**

महोदय

प्रस्तुत विषयमा प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय प्रदेश नं ३ हेटौडा मकवानपुर आ.व. २०८०/०८१ मा यस कार्यालयमा प्राप्त जनता आवास कार्यक्रम अन्तरगत आवास निर्माणको लागि लाभग्राहि छनौट गर्नु पर्ने भएकाले त्यस नगरपालिका / गाउपालिका भित्रका लाभग्राहिहरु जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७६ बमोजिम *** लक्षित बर्ग** छनौट को आधारमा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकारबाट सरकारी आवास ईकाइको सुविधा नलिएको साथै भुकम्प पिडितको आवास लाभग्राहि सुविधा नलिएको साथै भुकम्प पिडित लाभग्राहिमा नाम नपरेको लाभग्राहिहरुको छनौटको लागि सिफारिस सहित यस कार्यालयमा ५ दिन भित्र उपलब्ध गराउनुहुन अनुरोध छ ।

.........................
सन्तोष कुमार निरौला
कार्यालय प्रमुख
फोन न. ०११-४१५१४२
Email Add.- bhawankaryalayakavrepd3@gmail.com

***लक्षित बर्गः लक्षित बर्ग भन्नाले कार्यक्रम लागु हुने स्थानमा विगत देखि स्थायी बसोबास गरेको राष्ट्रिय दलित आयोगको सुचीमा सूचिकृत भएको दलित, विपन्न, मुसलमान तथा सालबसाली रुपमा नेपाल सरकार बजेट बक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न बर्गहरु सम्झनु पर्दछ ।**

# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, मंसिर २३ गते, २०७६ साल (अतिरिक्ताङ्क २९

## भाग ३

प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ३, हेटौंडाको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सरकारले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले यो सूचना प्रकाशन गरिएको छ।

**जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६**

**<u>प्रस्तावना</u>**: जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकार मन्त्रिपरिषदले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस कार्यविधिको नाम "जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को प्रस्तावनामा संशोधन</u>**: जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा "निर्देशिका २०७४" भन्ने शब्द तथा अङ्कको सट्टा "कार्यविधि, २०७३" भन्ने शब्द तथा अङ्क राखिएको छ र भैसकेका शब्द पछि" र यस कार्यविधि बमोजिम नयाँ छनोट हुने" शब्द थपिएका छन्।

३. **<u>मूल कार्यविधिको दफा ४ मा संशोधन</u>**: मूल कार्यविधिको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ।

"४. **<u>लाभग्राहीको छनौटको आधार</u>**: (१) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुईं, गारो तथा छानाकक्ष किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची-१ बमोजिम अङ्क प्रदान गरिने छ।

तर अनुसूची-१ को क्रमसंख्या ४, ५ र ७ बाट कुनै अङ्क प्राप्त नगर्नेलाई लाभग्राहीका रुपमा छनौट गरिने छैन।

(२) उपदफा (१) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने घरधनीले पहिलो प्राथमिकता पाउने छ त्यसपछि क्रमैसंग न्यूनतम

३५ अङ्क प्राप्त गर्ने घरधनीलाई लाभग्राहीको रुपमा छनौट गरिनेछ।

(३) लाभग्राहीको छनौट प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले गर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरधनीलाई पहिलो प्राथमिकता दिइनेछ।

(५) सगोलमा रहेको परिवारले एक आवास मात्र पाउने छन्।

(६) उपदफा (१) देखि (५) बमोजिम छनौट भएका लाभग्राहीहरुको लागि विगत आर्थिक वर्ष देखि गत आर्थिक वर्ष २०७५/७६ सम्म नेपाल सरकारबाट जनता आवास कार्यक्रम अन्तर्गत सञ्चालन भई क्रमागत वा अधुरा रहेका आवास इकाईहरु सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरे पछि मात्र नयाँ लाभग्राहीलाई बजेट विनियोजन गर्न सक्नेछ।"

४. <u>**मूल कार्यविधिको दफा ६ मा संशोधन**</u>: मूल कार्यविधिको दफा ६ को,-

(क) उपदफा (१) मा सोझै भन्ने शब्द पछि "चार किस्तामा" भन्ने शब्दहरु थपिएको छ।

(ख) उपदफा (३) मा "अनुसूची-१" को सट्टा "अनुसूची-३" भन्ने शब्द राखिएको छ।

५. <u>**मूल कार्यविधिको दफा ९ मा संशोधन**</u>: मूल कार्यविधिको दफा ९ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छः-

"(१क.) उपदफा (१) बमोजिमका निर्माण सामाग्रीहरु निर्माण समिति वा लाभग्राहीले खरीद गर्न नसकी सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईमा लिखित

अनुरोध गरेमा सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले त्यस्तो सामाग्री उपलब्ध गराउनु पर्नेछ।"

६. **<u>मूल कार्यविधिको दफा ११ मा संशोधन</u>**ः मूल कार्यविधिको दफा ११ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) प्रदेश जनता आवास समन्वय समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय तथा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।"

७. **<u>मूल कार्यविधिको दफा ३१ मा संशोधन</u>**ः मूल कार्यविधिको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छः-

"**३१. <u>भुक्तानीको ढाँचा</u>**ः (१) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा चार किस्तामा उपलब्ध गराइने छ। आवास निर्माण सम्पन्न नभएसम्म सम्बन्धित सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति प्रमाणित गर्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने किस्ता देहाय बमोजिम हुने छ।

(क) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भए पछि २५ प्रतिशत रकम,

(ख) प्लीन्थ (डि.पि.सि.) को काम सम्पन्न भए पछि थप ३० प्रतिशत रकम,

(ग) गारो तयार भएपछि थप ३५ प्रतिशत रकम,

(घ) छाना तथा झ्याल ढोका र शौचालय निर्माण कार्य सम्पन्न भएपछि बाँकी १० प्रतिशत रकम,

(३) उपदफा (२) बमोजिम रकम उपलब्ध गराउँदा सम्बन्धित लाभग्राहिको खातामा उपलब्ध गराईनेछ।

(४) यस दफा बमोजिम भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ।"

८. **मूल कार्यविधिको अनुसूची-१ मा संशोधन**: मूल कार्यविधिको अनुसूची-१ हटाई यसै साथ संलग्न भए बमोजिमको अनुसूची-१ राखिएको छ।

९. **मूल कार्यविधिमा अनुसूची-३ थप**: मूल कार्यविधिको अनुसूचीमा यसै साथ संलग्न भए बमोजिमको अनुसूची-३ थपिएको छ।

१०. **खारेजी**: मूल कार्यविधिको दफा ३२ र ३३ खारेज गरिएको छ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**लाभग्राहीको छनौटका आधारहरु**

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखी ६० सम्म -५<br>६० भन्दा बढी -० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | ६० भन्दा कम -१०<br>६० देखी १०० -५<br>१०० भन्दा बढी -० | |
| ३ | घर भित्रको भुई | माटो -१०<br>ईटा ढुङ्गा आदी -५<br>सिमेन्ट -० | जम्मा फ्लोर एरियाको ५० प्रतिशत वा सो भन्दा बढी क्षेत्रफल भएकालाई अङ्क दिने। |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी-१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी -५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेको ईटामा माटो/सिमेन्टको जोर्नी -० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने। |

| | | | |
|---|---|---|---|
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदी -१० खपटा, टायल, टिन -५ ढलान, कर्कट पाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ। |
| ६ | घर वस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको -१० नभएको -० | तर डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातिको घर जति संख्यामा भए पनि -१० |
| ७ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाँउ ब्लक (स्वामित्व पाउन सकिने) वा स्थानिय तहको सिफारिस (स्वबासी र विवाद रहित ) -१० नदीताल किनारामा बसोबास गरेको -० | |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको -१० अन्यत्र जग्गा भएको -० | |
| ९ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ, बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१० अन्य -० | |

अनुसूची-३

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई तथा सोझै रकम प्राप्त गर्ने लाभग्राही बीच गरिने सम्झौताको ढाँचा**

१. सम्झौता गर्ने पक्षहरु : ....................... र............................।

२. कार्यक्रम स्थल : जिल्ला :.................गाउँपालिका/नगरपालिका :........वडा नं. :........

३. उद्देश्य : आवास निर्माण।

४. कुल लागत : ............................ (लाभग्राहीको सहभागिता बापतको अंश समेत)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :

(क) शुरु हुने मिति :............/......./.......

(ख) पुरा हुने मिति :............../....../........सम्म

६. खर्च व्यहोर्ने श्रोत :

(क) कार्यक्रमबाट व्यहोरिने :

(१) नगद रुपैया :...............

(२) निर्माण सामग्री :.............

(ख) लाभग्राहीबाट व्यहोरिने रकम :

(१) नगद. रु.......................

(२) निर्माण सामग्री (मूल्यमा).............

(३) श्रम (मूल्यमा):......................

(४) कूल रकम :..........................

७. भुक्तानीको ढाँचा : अनुदान रकमको भुक्तानी दफा ३२ मा उल्लेख भए अनुसार हुनेछ।

८. सम्झौताका शर्तहरु :

(क) स्वीकृत नाप नक्शा अनुसारको निर्माण गर्नु पर्नेछ।

(ख) लागत सहभागिता वापत कम्तिमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ।

(ग) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ।

९. सम्झौताका पक्षहरुः

| **सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईको तर्फबाट** | **लाभग्राहीको तर्फबाट** |
|---|---|
| कार्यक्रम प्रतिनिधि : | लाभग्राहीको नाम : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी :<br>(१) श्री ......................... | साक्षी :<br>(१) श्री ......................... |

**प्रदेश सरकारबाट स्वीकृत मितिः २०७६।०८।२३**

**आज्ञाले,**
**तेजराज भट्ट**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।

मूल्य रु. १०।-